# लोक सेवा आयोग

(परीक्षा सञ्चालन शाखा)

सूचना नम्बरः १०५४/०७९-८०

## दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

लोक सेवा आयोगबाट मिति २०७९।८।२८ मा प्रकाशित विज्ञापन नम्बर १६६९२-१६७०५/२०७९-८०, रा.प. तृतीय श्रेणी (अप्राविधिक), शाखा अधिकृत वा सो सरह पदको विज्ञापनका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा परेको रिट नम्बर ०७९-WO-०६९७ उपर मिति २०७९।९।२८ मा जारी अन्तिरम आदेशमा निवेदकहरुलाई ३५ (पैतिस) बर्षको उमेर पूरा भएको भन्ने सम्म कारणबाट माथि उल्लेखित विज्ञापनमा उम्मेद्वार हुन तथा परीक्षामा सामेल हुन दिनबाट नरोक्नु नरोकाउनु भनी आदेश भएकोले सो आदेश कार्यान्वयन गर्ने सिलसिलामा पछि सम्मानित सर्वोच्च अदालतबाट अन्तिम फैसला वा आदेश भए बमोजिम हुने गरी हाललाई देहाय बमोजिमका १० (दश) जना निवेदकको हकमा उमेर हद नलगाई ७ (सात) दिन भित्र (मिति २०७९।१०।१२ देखि २०७९।१०।१८ सम्म) आयोगको अनलाईन दरखास्त प्रणालीबाट दरखास्त फाराम भर्न समयावधि दिने गरी आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**

१. कच्चनपुर जिल्ला, वेदकोट नगरपालिका वडा नम्बर ८ घर भई भिमदत्त नगरपालिका कञ्चनपुरमा सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तहमा कार्यरत दिनेशराज भट्ट,
२. कैलाली जिल्ला टिकापुर नगरपालिका वडा नम्बर ९ घर भई भजनी गाउँपालिका कैलालिमा अधिकृतस्तर छैठौ तहको पदमा कार्यरत झनकराज ओझा,
३. कैलाली जिल्ला धनगढी उपमहानगरपालिका घर भई बैतडी जिल्ला पञ्चेश्वर गाउँपालिकामा अधिकृतस्तर छैठौ तहको पदमा कार्यरत रूपेशकुमार शर्मा बराल,
४. कञ्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नम्बर ७ घर भई भिमदत्त नगरपालिकामा अधिकृतस्तर छैठौ तहको पदमा कार्यरत सुवास अधिकारी,
५. बैतडी जिल्ला सुर्नया गाउँपालिका वडा नम्बर ५ घर भई भिमदत्त नगरपालिकामा सहायकस्तर पाँचौ तह प्राविधिक सहायक पदमा कार्यरत दिपेन्द्र विस्ट,
६. बारा जिल्ला करैयामाई गाउँपालिका वडा नम्बर ७ मा घर भई ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह पाँचौ तहको प्राविधिक सहयाक पदमा कार्यरत मनिषप्रसाद केसरी,
७. डडेल्धुरा चिपुर-९ घर भई लालझाडी गाँउपालिका कञ्चनपुरमा अधिकृतस्तर छैठौ तहमा कार्यरत लोकेन्द्रबहादुर ऐर,
८. खोटाङ जिल्ला हलेसी तुवाचुंग-४ घर भई डाक्नेश्वरी नगरपालिका सप्तरीमा सहायकस्तर पाँचौ तहको पदमा कार्यरत विकाश दहाल,
९. कैलाली जिल्ला गोदावरी नगरपालिका वडा नम्बर १ घर भई डीलासैनी गाउँपालिका बैतडीमा अधिकृतस्तर छैठौ तहको पदमा कार्यरत महेशदत्त भट्ट,
१०. कञ्चनपुर जिल्ला वेदकोट नगरपालिका वडा नम्बर ४ घर भई सिगास गाउँपालिका बैतडीमा सहायकस्तर पाँचौ तहको पदमा कार्यरत उमेश बोहोरा।

मितिः २०७९।१०।१२

..............................

(एकनारायण शर्मा)
उपसचिव